नौकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमती प्रदेश नेपाल

सूचना.नं. २१-२०८२/०८३

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८२/०७/१२)

सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१ बमोजिम सुरक्षित आप्रवासन (सामी), नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो। यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुको साझेदारीमा सञ्चालित छ। कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ। वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत रसुवा जिल्ला नौकुण्ड गाउँपालिकामा सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारीसंग सम्बन्धित मुद्दामा सहयोग तथा सहजिकरण, सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सचेतीकरणक कार्यक्रम सञ्चालन गर्न, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वानका लागि मिति २०८२/०५/२० प्रथम पटक सूचना प्रकाशन गरिएकोमा तोकिएको म्यादभित्र पर्याप्त दरखास्त पेश हुन नआएको हुँदा पुनः दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालयमा राजश्व तिरेको रसिद सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिलः-</u>

| क्र. सं. | विज्ञापन नं. | पद /तह | पद संख्या | योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०५/२ ०८२/ ८३ | रिटर्नी स्वयंसेवक (आंशिक) | २(दुई) | • न्यूनतम् कक्षा ८ पास गरी वैदेशिक रोजगारी (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको।<br>• सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।<br>• नेपाली भाषा जानेको र स्थानीय हुनु पर्नेछ।<br>• नोटः यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्नेछ। | ३००/- |
| २ | ०६/२ | मनोसामाजिक | १(एक) | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ | ५००/- |

प्रमुख प्रशासकीय अधिकृत



९८५१४३०२३३ info@naukundamun.gov.np https://naukundamun.gov.np/

| | | | | | |
|---|---|---|---|---|---|
| | ०८२/ ८३ | परामर्शकर्ता (पाँचौं तह) | जना | नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र (NHTC) बाट प्रमाणपत्र लिएकोलाई बिशेष प्राथमिकता दिईने छ ।<br>• कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव ( Word , Excel, Power Point, Email, Internet आदि चलाउन सक्ने ) र नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने<br>**SaMi कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमाः**<br>कम्तिमा प्रविणता प्रमाण पत्र तह वा १० +२ वा सो सरह उतिर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र (NHTC) बाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालिम व्यवस्थापन प्रणालीमा सूचिकृत भएको हुनु पर्नेछ। | |

- **कार्य अवधिः** हाललाई २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ।
- **उमेरको हदः** रिटर्नी स्वयंसेवक (आंशिक) पदको लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र मनोसामाजिक परामर्शकर्ता (पाँचौं तह) को लागि १८ वर्ष पुरा भई ४० (महिलालाई विशेष प्राथमिकता) वर्ष ननाघेको।
- **दरखास्त दिने अन्तिम मितिः** २०८२।०७।१८ गतेसम्म।
- **परिक्षाको किसिमः** लिखित, अन्तवार्ता र प्रयोगात्मक।
- **तलव तथा अन्य सुविधाः** कार्यक्रमको नियमानुसार।
- **आवश्यक कागजातहरुः** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित नौकुण्ड गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

प्रमुख प्रशासकीय अधिकृत